।।श्री।।

# संखुवासभा जिल्ला अदालत

चैनपुर

फोन नं. ०२९-५७०१९५,५७०१९६

०२९-५७०३७६

Email: info.dcsankhuwasabha@supremecourt.gov.np

admin.dcsankhuwasabha@supremecourt.gov.np

कोशी प्रदेश, नेपाल

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र संख्या र मिति समेत उल्लेख गर्नुहोला ।

पत्र संख्याः २०८१/०८२

मिति २०८१/११/१५

ने.सं. ११४५ सिंल्लागा १४, बिहीबार

## सूचना ! सूचना !! सूचना !!!

**विषयः लेखापढी व्यवसायी प्रमाणपत्रको लागि दरखास्त दिने म्याद थप सम्बन्धमा।**

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावलीको नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका ईच्छुक नेपाली नागरिकहरूबाट देहायका शर्तको अधिनमा रही मिति २०८१/११/१४ गतेसम्म दरखास्त/निवेदन माग गरिएकोमा अन्य इच्छुक आवेदकहरूको मागलाई मध्यनजर गर्दै उक्त अवधि १ (एक) महिना थप गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

✓ उक्त दरखास्तमध्ये उपयुक्त उम्मेदवार छनौट गर्न समावेश भएको लिखित परीक्षा तथा अन्तरवार्ता उत्तिर्ण गर्ने उम्मेदवारहरूलाई अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिनेछ।

१. आवश्यक न्युनतम योग्यताः-
   - क) शैक्षिक योग्यताः SEE/ SLC वा सो सरह उत्तिर्ण भएको।
   - ख) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक भएको।

२. दरखास्त बुझाउनु पर्ने अन्तिम मितिः २०८१/१२/१४ गतेसम्म

३. दरखास्त शुल्क रु.११०।-

४. परीक्षाको किसिमः लिखित तथा मौखिक।

५. परीक्षा हुने मितिः दरखास्त दिने अन्तिम दिन सूचना प्रकाशन गरिनेछ।

६. सम्पर्क स्थानः संखुवासभा जिल्ला अदालत प्रशासन शाखा।

७. दरखास्तसाथ पेस गर्नुपर्ने कागजातः-
   - क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
   - ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   - ग) चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
   - घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति।

८. दरखास्तको ढाँचा लेखापढी व्यवसायी नियमावलीको अनुसूची १ बमोजिम हुनेछ। सो दरखास्त संखुवासभा जिल्ला अदालत बार ईकाइमा पाइनेछ।

९. अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नुहुन।

..........................

(नविन कोइराला)

नि.सेस्तेदार (शा.अ.)